बैठक मिति: २०८२/१२/८

बैठक संख्या: १६

<u>छलफल तथा निर्णयहरु:</u>

१. राष्ट्रिय आयोजना बैंङ्क (कार्य सञ्चालन तथा व्यवस्थापन) मापदण्ड, २०८१ को दफा १९ बमोजिम सिफारिस समितिबाट आयोजना छनौटको लागि पेश भएका एक अर्ब भन्दा बढी लागतका १४ आयोजनाको विवरण बैठकमा प्रस्तुत भई जानकारी भयो। सिफारिस समितिबाट सिफारिस भएका एक अर्ब भन्दा बढी लागतका १४ (चौध) आयोजनाहरू राष्ट्रिय आयोजना बैंक व्यवस्थापन सूचना प्रणाली (NPBMIS) मा प्रविष्टि गर्ने प्रयोजनको लागि मापदण्डको दफा १७ को उपदफा (५) बमोजिम छनौट गर्ने र प्रणालीमा प्रमाणित गर्नका लागि आयोजना बैंक सचिवालयलाई निर्देशन दिने।

२. राष्ट्रिय आयोजना बैंङ्क (कार्य सञ्चालन तथा व्यवस्थापन) मापदण्ड, २०८१ को दफा १७ बमोजिम आयोजना बैंकमा सम्बन्धित मन्त्रालय वा केन्द्रीय निकायबाट पेश भई आयोजना बैंक हेर्ने सम्बन्धित माननीय सदस्य/उपाध्यक्षबाट स्वीकृत भई पेश भएका रु एक अर्ब भन्दा कम लागतका नयाँ र क्रमागत दुवै गरी १२० (एक सय बिस) र अध्ययनका लागत नखुलेका २४८ (दुई सय अठ्चालीस) आयोजनाको बारेमा जानकारी भयो। उक्त आयोजनाहरु आयोजना बैंक सचिवालयले प्रणालीमा प्रविष्टिका लागि प्रमाणित गर्ने।

३. आवश्यक प्रक्रिया र कागजात पुरा नभई राष्ट्रिय आयोजना बैंक व्यवस्थापन सूचना प्रणाली (NPBMIS) मा प्रविष्टिका लागि मन्त्रालय वा निकायबाट पेश भएका आयोजनाहरुलाई आवश्यक प्रक्रिया र कागजात पुरा गरी पुन: पेशका लागि सम्बन्धित मन्त्रालय वा निकायमा फिर्ता गर्न आयोजना बैक सचिवालयलाई निर्देशन दिने। साथै, NPBMIS मा प्रविष्टिका लागि पेश भएका तर प्रारम्भिक परीक्षणका क्रममा कागजात र प्रक्रिया नपुगेका आयोजनाहरु पुन: पेश गर्ने प्रयोजनार्थ सम्बन्धित मन्त्रालय वा निकायमा आयोजना बैंक सचिवालयबाट नै फिर्ता पठाउने।

४. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, २०७७ को प्रावधान एवम् अर्थ मन्त्रालयबाट २०८२ चैत १५ देखी राष्ट्रिय योजना आयोगमा मध्यमकालीन खर्च संरचना र बजेट तथा कार्यक्रम उपर नीतिगत र कार्यक्रमगत छलफल गर्न पत्र प्राप्त भए बमोजिम यस आयोगमा आगामी २०८२ चैत १५ गते देखी मध्यमकालीन खर्च संरचना (२०८३/८४-२०८५/८६) र बजेट तथा कार्यक्रम (२०८३/८४) उपर नीतिगत तथा कार्यक्रमगत छलफल गर्ने गरी आर्थिक व्यवस्थापन महाशाखाबाट पेश भएको कार्यतालिका स्वीकृत गर्ने।

२०८२।१२।८